"Partnership for Urban Governance"
DAO Regd. No. 2/054/55 NDA-2018

# नेपाल नगरपालिका संघ
# Municipal Association of Nepal (MuAN)

530 Pandol Marg, Lazimpat
PO Box : 14286, Kathmandu, Nepal
Tel : (977-1) 4425692, 4420559
Fax : (977-1) 4418671
Email : muan@ntc.net.np, info@muannepal.org.np

Ref. ०७९/८०-२३१

मिति: २०७९/१०/१९

श्रीमान नगर प्रमुख ज्यू
सम्पूर्ण महानगर, उप महानगर र नगरपालिकाहरु ।

**बिषय: निवेदन संकलन गरी पठाउने सम्वन्धमा ।**

उपरोक्त सम्वन्धमा मिति: २०७९ साल बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा उम्मेदवार भई कानून बमोजिम बुझाउनुपर्ने निर्वाचन खर्चको विवरण नबुझाउने उम्मेदवारलाई कारबाही गर्ने सम्वन्धमा निर्वाचन आयोग नेपालले तोकेको जरिवाना अत्यन्तै अव्यवहारिक र अन्यायपूर्ण रहेकोमा उक्त जरिवाना रकम मिनाहा गराउन यस नेपाल नगरपालिका संघले यथेष्ट प्रयत्न गरिरहेको व्यहोरा अवगत गराउन चाहन्छौं । निर्वाचन आयोगले तोकेको जरिवाना २०७९ फागुण मसान्त सम्म नबुझाएमा २०७९ चैत्र १ गते बाट निर्वाचित पद समेत खारेज हुने निर्णय समेत गरिसकेकोले त्यस अगावै यस समस्याको उचित समाधान खोज्नै पर्दछ ।

यस सम्वन्धमा सरोकारवालाहरु संग भएका निरन्तर सम्वाद र परामर्श अनुसार सम्माननीय राष्ट्रपति समक्ष कारबाहीमा परेका सबै उम्मेदवारहरुबाट आफुलाई तोकिएको जरिवाना मिनाहाको लागि सामुहिक रुपमा अनुरोध गर्ने, नेपाल सरकारबाट यहि सामुहिक निवेदनको आधारमा सम्माननीय राष्ट्रपतिलाई जरिवाना मिनाहाको लागि अनुरोध गर्ने र सम्माननीय राष्ट्रपतिज्यू बाट मिनाहादिने प्रकृयानै अहिलेको लागि उचित विकल्प देखिएकोले तहाँ नगरपालिका अन्तर्गत उक्त निर्वाचनमा उम्मेदवार भएका तर खर्च विवरण नबुझाई जरिवाना तोकिएका सबै उम्मेदवारहरुको निवेदन यसै साथ संलग्न तालिका बमोजिम तयार पारी मिति २०७९ माघ २२ गते भित्र सो को कपी तपसिलमा उल्लेखित इमेलमा पठाउनुहुन र सो को सक्कलै कपी ५ दिन भित्र संघको तपसिलमा उल्लेखित कार्यालयमा आइपुग्ने गरी पठाउनुहुन हार्दिक अनुरोध गर्दछौं ।

पुनश्च: यस कार्यलाई अत्यन्तै प्राथमिकतमा राखि तोकिएको समय भित्र विवरण पठाउनुहुन अनुरोध छ । र तहाँ नगरपलिका अन्तर्गत जरिवाना तोकिएका कुनैपनि उम्मेदवार नछुट्ने तर्फ ध्यान दिनुहुन अनुरोध छ । उम्मेदवारको नामावली तथा जरिवाना रकम हेर्नको लागि निवार्चन आयोग नेपाल वेबसाईटको लिंक तल उल्लेख गरिएको छ । https://election.gov.np/np/page/election-expense-ll

मिर्चैया न.पा.को कार्यालय
दर्ता नं.: 9684
दर्ता मिति: 2079/10/21

भीम प्रसाद दुंगाना
अध्यक्ष

तयार गरिएको विवरण ईमेल र सक्कलकपी पठाउनको लागि सम्पर्क व्यक्ति, सम्पर्क नं. र ईमेल ठेगाना यसै पत्रसाथ संलग्न गरिएको छ ।

इमेल: info@muannepal.org.np

मिति: २०७९।१०।१९

**सम्माननीय राष्ट्रपतिज्यू**

राष्ट्रपतिको कार्यालय, शितलनिवास, काठमाडौ

## विषय: जरिवाना मिनाहा गराइपाउँ भन्ने सम्बन्धमा

उपरोक्त सम्बन्धमा मिति २०७९ साल बैशाख ३० गते सम्पन्न स्थानीय तह अन्तर्गत यस महानगर/उप महानगर/नगरपालिका निर्वाचनमा तपसिलका हामी उम्मेदवारहरुले भूलवश तोकिएको समयसीमा भित्र निर्वाचनमा भएको खर्चको विवरण बुझाउन छुट हुन गएको व्यहोरा सविनय अनुरोध गर्दछौं ।

सो विवरण नबुझाएको कारण निर्वाचन आयोग, नेपालले हामी उम्मेदवारलाई कारवाही स्वरुप १ लाख ५० हजार देखि ७ लाख ५० हजारसम्म जरिवाना गर्ने निर्णय गरेको र सो निर्णय अनुसार चर्को र अव्यवहारिक जरिवाना बुझाउन विशेष गरि महिला, दलित, अल्पसंख्यक र विपन्न वर्ग असमर्थ रहेका हुँदा सयौं जनप्रतिनिधिहरुको पद नै गुम्न जाने परिस्थितीले संविधानको समावेशी लोकतन्त्रको जगनै धरासायी हुने र आगामी ६ वर्षसम्म उम्मेदवार हुन नपाउने कठोर निर्णयबाट नागरिकको मौलिक हकको समेत हनन् हुने तथ्यलाई मनन गर्दै नेपालको आर्थिक, सामाजिक, भौगोलिक, राजनीतिक र शैक्षिक परिवेशलाई दृष्टिगत गरि ब्यवहारिक एवं परिस्थितिजन्य समस्याको समाधान गर्न एक पटकको लागि बिभिन्न कारणले निर्वाचन खर्चको बिवरण बुझाउन नसकेका हामी तपसिलका उल्लिखित उम्मेदवारलाई तोकिएको जरिवाना मिनाहा हुने प्रबन्धको लागि सम्माननीय राष्ट्रिपतिज्यूसमक्ष सादर निवेदन गर्दछौं ।

प्रदेश: ............ जिल्ला ....................महानगर/उप महानगर/नगरपालिका ..............................

बोधार्थ:

1. सम्माननीय प्रधानमन्त्रीज्यू, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
2. माननीय गृह मन्त्रीज्यू, गृह मन्त्रालय
3. नेपाल नगरपालिका संघ

### निवेदकको विवरण

| क्र.सं. | जरिवाना तोकिएको उम्मेदवारको नाम, थर | उम्मेदवार भएको पद | आयोगबाट तोकिएको जरिवाना रकम | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |